नेपालको पहिलो खेल भुटानसँग

हिमालय टाइम्स
काठमाडौं, १६ साउन

अर्को महिना नेपालमा आयोजना हुने महिला साफ च्याम्पियनसिपको खेलतालिका सार्वजनिक भएको छ । दक्षिण एसियाली फुटबल महासंघ (साफ) ले आइतबार महिला साफको खेलतालिका सार्वजनिक गरेको हो ।

महिला साफ च्याम्पियनसिप भदौ २१ गतेदेखि असोज ३ गतेसम्म त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुनेछ । सार्वजनिक खेलतालिकाअनुसार उद्घाटन खेलमा आयोजक नेपालले भुटानको सामना गर्नेछ । खेल भदौ २१ गते साँझ ५:३० बजे हुनेछ । दोस्रो तथा समूह चरणको अन्तिम खेलमा नेपालले भदौ २८ गते श्रीलंकासँग खेल्नेछ ।

दोस्रो दिन समूह 'बी' का दुई खेल हुनेछन् । तेस्रो दिन श्रीलंका र भुटानबीच प्रतिस्पर्धा हुनेछ । चौथो दिन समूह 'ए' का दुई खेल नै हुनेछन् । पाँचौं दिन नेपाल र श्रीलंकाबीच खेल हुनेछ । छैटौं दिन समूह 'ए' का अन्तिम खेलहरू हुनेछन् । भदौ ३१ गते सेमिफाइनलका दुई खेल हुनेछन् । त्यसपछि असोज ३ गते फाइनल हुनेछ । सहभागी सात टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह चरणको खेलपछि समूहको शीर्ष दुई टोलीले सेमिफाइनलमा स्थान बनाउनेछन् । यस्तै समूह 'ए' मा साबिक विजेता भारत, माल्दिभ्स, बंगलादेश र पाकिस्तान छन् ।

इंग्ल्यान्ड पहिलोपल्ट युरो च्याम्पियन

लन्डन/एजेन्सी । आठपटकको च्याम्पियन जर्मनीलाई अतिरिक्त समयमा पराजित गर्दै इंग्ल्यान्ड पहिलोपटक महिला युरो च्याम्पियनसिपको च्याम्पियन बनेको छ । घरेलु मैदानमा इंग्ल्यान्डले जर्मनीलाई अतिरिक्त समयमा २-१ ले पराजित गर्दै पहिलोपटक युरो च्याम्पियन बनेको हो ।

बेम्वली स्टेडियममा आइतबार राती भएको खेलमा इंग्ल्यान्डको जितमा एला टोन र क्लोइ केलीले गोल गर्नुभयो । जर्मनीकी लिना मागुलले एक गोल फर्काउनुभयो । ६२औं मिनेटमा एला टोनले गोल गदै इंग्ल्यान्डलाई सुरुवाती अग्रता दिलाउनुभयो । उहाँले केइरा वाल्सको पासमा गोल गर्नुभएको थियो । ७९औं मिनेटमा लिनाले गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याउनुभयो । अतिरिक्त समयको ११०औं मिनेटमा परिवर्तित खेलाडी क्लोइ केलीले गोल गर्दै इंग्ल्यान्डलाई जितसहित पहिलोपटक युरोकपको च्याम्पियन बनाउनुभयो । महिला युरोको इतिहासमा तेस्रोपटक फाइनलमा प्रवेश गरेको इंग्ल्यान्डले पहिलोपटक उपाधि जितेको हो । यसअघि इंग्ल्यान्ड सन् १९८४ मा स्विडेनसँग टाइब्रेकरमा ४-३ ले तथा २००९ मा जर्मनीसँग ६-२ ले पराजित हुँदै उपाधि विमुख बनेको थियो ।

नेपालगञ्ज म्याराथन मंसिर पहिलो साता

नेपालगञ्ज/हिटा । नेपालगञ्ज म्याराथनको आठौं संस्करण यसपटक मंसिर ३ गते आयोजना हुने भएको छ । नेपाल सरकार र विद्रोही माओवादीबीच बृहत् शान्ति सम्झौता भएको दिन मंसिर ५ गतेलाई स्मरण गर्दै हरेक मंसिरको पहिलो शनिबार हुँदै आएको म्याराथनको तयारी सुरु भएको आयोजक नेपालगञ्ज म्याराथनले जनाएको छ ।

क्रियटिभ गञ्ज मिडिया एन्ड इभेन्ट म्यानेजमेन्टको व्यवस्थापन रहेको म्याराथनको आठौं संस्करणका लागि आइतबारबाट खेलाडी दर्ता खुला गरिएको छ । नेपालगञ्ज म्याराथनको वेबसाइटमा गएर फर्म दर्ता गर्न सकिने र दर्ता शुल्क भुक्तानी गर्न सकिने आयोजकले जनाएको छ । गत वर्षझैं यस वर्ष पनि विभिन्न दसवटा विधामा स्पर्धा समावेश हुने बताइएको छ । जसमा पुरुषतर्फ म्याराथन (४२.१९५ किमी), महिलातर्फ हाफ म्याराथन (२१किमी), १० किमी पुरुष खुला, पाँच किमी महिला खुला, पाँच किमी स्कुलस्तरीय छात्र, तीन किमी स्कुलस्तरीय छात्रा, किड्स रन (आठदेखि १२ वर्ष उमेर समूह), दुई किमी कर्पोरेट रन, एक किमी ट्राइसाइकल र वाकाथन समावेश गरिएको छ । स्कुलस्तरीय दौड भने बाँके जिल्लास्तरीय मात्र हुनेछ । केही विधातर्फ नगद पुरस्कार राशिमा वृद्धि गरिने र केही सरप्राइज प्याकेज पनि घोषणा गरिने नेपालगञ्ज म्याराथनका संस्थापक अध्यक्ष टिएस ठकुरीले जानकारी दिनुभएको छ । आठौं संस्करणमा कम्तीमा आठ देशका धावकलाई सहभागी गराउने तयारी भइरहेको बताइएको छ ।

नवौं राष्ट्रिय खेलकुद : ३८ खेलका ४०७ इभेन्ट्स हुने

हिमालय टाइम्स
काठमाडौं, १६ साउन

नवौं राष्ट्रिय खेलकुदमा ३८ खेलका ४०७ इभेन्ट्समा प्रतिस्पर्धा हुने भएको छ । राष्ट्रिय खेलकुद परिषद्को ११३औं बैठकले खेल र विधा टुंग्याएको हो । ३६ खेल र दुई प्रदर्शनी खेल गरी ३८ खेलहरू हुनेछन् । युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजको अध्यक्षतामा सोमबार बसेको बैठकले परिषद्को आव २०७९/८० को वार्षिक योजना, कार्यक्रम तथा बजेटसमेत पारित गरेको छ ।

राष्ट्रिय खेलकुदमा सहभागी खेलाडी तथा अफिसियललाई दैनिक दुई हजार रुपैयाँ भत्ता दिइने भएको छ । प्रदेश छनोटका लागि आवश्यक बजेट उपलब्ध गराउने निर्णय गरिएको छ । प्रदेश तथा विभागीय टिमहरूले भदौ १५ गतेसम्म खेलाडीको संख्या र २५ गतेसम्म नाम दर्ता गराइसक्नुपर्ने र प्रत्येक टिमबाट खेलाडी महिला ३३९ र पुरुष ३६९ कोटा निर्धारण गरिएको छ ।

प्रतियोगिताको एकल प्रतिस्पर्धामा स्वर्णपदक विजेता खेलाडीलाई नगद २५ हजार, टिम इभेन्टमा स्वर्ण विजेतालाई १५ हजार तथा नयाँ राष्ट्रिय रेकर्ड राख्ने खेलाडीलाई ५० हजार उपलब्ध गराउने निर्णय गरिएको छ । प्रतियोगिताको मूल ट्रफी प्रधानमन्त्रीबाट सार्वजनिक गरिने तथा ट्रफीलाई सातै प्रदेश तथा तीन विभागीय टोलीको मुख्यालयमा प्रदर्शन गराइने भएको छ । परिषद्को कर्मचारी सेवा, शर्तसम्बन्धी विनियम तयार गर्न परिषद् सदस्य प्रकाश कुसारीको संयोजकत्वमा समिति गठन गरिएको छ ।

यस्तै, परिषद्को भौतिक संरचना तथा सम्पत्ति यकिन तथा प्रदेशमा हस्तान्तरणसम्बन्धी परिषद् सदस्य अञ्जन धमलाको संयोजकत्वमा समिति गठन गरिएको छ । खेल संघ विवाद सहजीकरणमा उपाध्यक्ष शिव कोइरालाको संयोजकत्वमा समिति गठन गरिएको छ । परिषद्अन्तर्गत कार्यरत कर्मचारीहरूलाई अर्को व्यवस्था नभएसम्मका लागि कामकाज गर्न प्रदेश खेलकुद संरचनामा पठाइने भएको छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले नवौं राष्ट्रिय खेलकुदमा एथलेटिक्स, ब्याडमिन्टन, टेबल टेनिस, क्रिकेट, फुटबल, टेनिस, हक्की, बक्सिङ, भलिबल, कबड्डी, भारोत्तोलन, सुटिङ, जिम्नास्टिक, पौडी, ह्यान्डबल, जुडो, कुस्ती, सफ्ट टेनिस, स्क्वास, तेक्वान्दो, उसु, बास्केटबल, शारीरिक सुगठन, बुद्धिचाल, खो खो, कराँते, फुल कन्ट्याक्ट कराँते, आइटिएफ तेक्वान्दो, सेपाक्टाक्रो, गल्फ, आर्चरी, साइक्लिङ, फेन्सिङ, ट्रायथोलन, प्यारास्लाइडिङ, रग्बी सेभेन ए साइड, छेलो (प्रदर्शनी), क्यानोइङ (प्रदर्शनी) खेलहरू खेलाइने जनाएको छ ।

गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको भव्य आयोजनाका लागि १४ मुख्य उपसमितिमध्ये १२ उपसमिति तय भएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) परिसरमा बसेको मूल आयोजक समितिको दोस्रो बैठकबाट १२ समिति तय भएको कार्यकारी समितिका संयोजकसमेत रहनुभएका राखेप सदस्य-सचिव टंकलाल घिसिङले जानकारी गराउनुभयो । विभिन्न उपसमितिको संयोजकसमेत राखेपले घोषणा गर्दै सबै समितिलाई आ-आफ्नो जिम्मेवारी सुम्पिएको छ ।

'उपसमितिको निर्णय गरेका छौं । निर्देशिकाले १४ उपसमिति बनाउन अधिकार दिएको छ । जसमध्ये हामीले १२ उपसमिति बनाएका छौं,' घिसिङले भन्नुभयो । अनुशासन समिति र सुरक्षा समिति भने राखेपले केही समयपछि मात्रै घोषणा गर्ने सदस्य-सचिव घिसिङले बताउनुभयो । गठन भएका समितिको सचिव, प्रशासकीय कर्मचारी प्राय: राखेपकै विज्ञ रहेको सदस्य-सचिव घिसिङले बताउनुभयो । नेपाल सरकारले ६० करोडभित्र नवौं प्रतियोगिता समापन गर्न निर्देशन दिएको छ ।

नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा लुम्बिनी प्रदेशले ३६ खेलमा सहभागिता जनाउने निर्णय गरेको छ । प्रदेश मन्त्रिपरिषद्को बैठकले गण्डकी प्रदेशमा आयोजना हुने नवौं राष्ट्रिय खेलकुदमा सहभागी हुने खेल संख्याको टुंगो लगाएको हो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले राष्ट्रिय खेलकुदका सबै खेल स्पर्धामा सहभागी हुने निर्णय गरेको हो ।

यसअघि कर्णाली प्रदेशले २७ खेलमा सहभागिता जनाउने निर्णय गरिसकेको छ । कर्णालीले प्रतियोगितामा आफ्नो प्रदेशबाट ५६० जनाको सहभागिता रहने उल्लेख गरेको छ । सदस्य-सचिव घिसिङले नवौं राष्ट्रिय खेलकुदमा अनुमानित ६ हजार ८०० खेलाडीसहित एक हजार प्रशिक्षक, ५०० व्यवस्थापक, ११४ संघका प्रतिनिधि र एक हजार निर्णायक सहभागी हुने जानकारी दिनुभयो ।

नवौं खेलकुदमा सात प्रदेश, तीन विभागीय टोली र एनआरएनको टोलीले भाग लिनेछन् । नवौं राष्ट्रिय खेलकुदमा एनआरएनएको टोलीले १२ व्यक्तिगत र ६ टिम गरी १८ खेलमा भाग लिनेछ । राखेपले नवौं खेलकुदका लागि खेलाडी छनोटको जिम्मा प्रदेशलाई नै दिएको छ ।

नवौं खेलकुदमा भाग लिनका लागि जेठ १० गतेसम्म नाम दर्ता गरिसक्नुपर्ने मिति राखेपले तोकेको छ । नवौं राष्ट्रिय खेलकुदका लागि संघीय सरकारले चालु आर्थिक वर्षमा १६ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । यसमा केही बजेट गण्डकी प्रदेशले पनि थप्नेछ । अपुग रकमका लागि सरकारसँग माग गरिने सदस्य-सचिव टंकलाल घिसिङले बताउनुभयो ।

यस्तै, बोर्ड बैठकले २०२३ मा हुने चौधौं साग, २०२३ मा हुने १९औं एसियाली खेलकुद, २०२४ मा हुने पेरिस ओलम्पिक, २०२६ मा हुने शीतकालीन ओलम्पिक र २०२६ को डकार युथ ओलम्पिक गेम्सको तयारीका लागि बजेट व्यवस्था तथा तयारी गर्ने निर्णयसमेत गरेको छ । यस्तै खेलाडीका लागि छात्रावास निर्माण गर्ने तथा मूलपानीमा एनएससी फिट्नेस सेन्टरको स्थापना गरिने बोर्ड बैठकले निर्णय गरेको छ ।

रोनाल्डो खेलेको खेलमा युनाइटेड बराबरीमा रोकियो

एजेन्सी
लन्डन, १६ साउन

पोर्चुगिज भेट्रान सुपरस्टार क्रिस्टियानो रोनाल्डो खेलेको प्रि-सिजनको अन्तिम मैत्रीपूर्ण खेलमा म्यानचेस्टर युनाइटेड बराबरीमा रोकिएको छ । युनाइटेडले घरेलु मैदान ओल्ड ट्राफोर्डमा सुरुवाती अग्रता लिए पनि त्यसलाई जोगाउन नसक्दा स्पेनिस क्लब रायो भायोकानोसँग १-१ गोलको बराबरीमा रोकिएको हो ।

रोनाल्डो प्रि-सिजनका अन्य खेलमा टोलीसँग सामेल हुनुभएको थिएन । रोनाल्डोले क्लब छाड्ने चर्चाका बीच उहाँ टोलीमा देखिनुभएको हो । उहाँलाई दोस्रो हाफको सुरुमै अमद डियालोले प्रतिस्थापन गर्नुभएको थियो । रोनाल्डोको स्थानमै मैदान छिर्नुभएका डियालोले ४८औं मिनेटमा गोल गर्दै युनाइटेडलाई सुरुवाती अग्रता दिलाउनुभएको थियो । ५७औं मिनेटमा अल्भारो गार्सियाले बराबरी गोल फकाउनुभयो ।

युनाइटेड अघिल्लो खेलमा स्पेनिस क्लब एट्लेटिको म्याड्रिडसँग १-० ले पराजित भएको थियो । त्यसअघि, युनाइटेडले लिभरपुल, मेलबर्न भिक्टोरी र क्रिस्टल प्यालेसलाई हराउँदा एस्टन भिल्लासँग २-२ को बराबरी खेलेको थियो । युनाइटेडले अर्को साता ब्राइटनविरुद्धको खेलबाट प्रिमियर लिगको नयाँ सिजन सुरु गर्नेछ । आइतबार राती नै लेस्टर सिटीले सेभियालाई १-० ले हराउँदा लिड्स युनाइटेडले कार्गिलएरीलाई ६-२ ले हराएको छ । वल्भ्स र फरेन्सले तथा फुलहम र भिल्लारियलले समान १-१ गोलको बराबरी खेल्नुभएको थियो । यस्तै एसी मिलानले मार्सेलाई २-० ले पराजित गरेको छ । लिभरपुल स्ट्रासवर्गसँग ३-० ले पराजित हुँदा नेपोली र मलोर्काले १-१ गोलको बराबरी खेल्नुभएको थियो ।

इंग्लिस क्लब लिभरपुलले प्रि-सिजनको अन्तिम मैत्रीपूर्ण खेलमा हार बेहोरेको छ । लिभरपुल घरेलु मैदानमा फ्रान्सेली क्लब स्ट्रासवर्गसँग ३-० ले पराजित भएको हो । एनफिल्डमा आइतबार राती भएको खेलमा स्ट्रासवर्गको जितमा एड्रिएन थोमासनले दुई तथा हावीवोउ डिएलोले एक गोल गर्नुभयो ।

खेलको चौथो मिनेटमा एड्रिएनले गोल गर्दै स्ट्रासवर्गलाई अग्रता दिलाउनुभयो । १४औं मिनेटमा हावीवोउ डिएलोले गोल गर्दै टोलीको अग्रता दोब्बर पार्नुभयो । २१औं मिनेटमा एड्रिएनले व्यक्तिगत दोस्रो तथा टोलीका लागि तेस्रो गोल गरेपछि स्ट्रासवर्ग खेलमा ३-० ले अघि बढ्यो ।

तीन गोलले पछि परेको लिभरपुलले बल पोसेसन राख्दै स्ट्रासवर्गलाई दबाबमा राखे पनि फिनिसिङ गर्न नसक्दा पराजित हुन पुग्यो । लिभरपुलले शनिबार राती प्रिमियर लिग च्याम्पियन म्यानचेस्टर सिटीलाई ३-१ ले पराजित गर्दै सिजनको पहिलो उपाधि जितिसकेको छ । अब लिभरपुलले शनिबार फुलहमसँग खेल्दै नयाँ सिजनको प्रिमियर लिगको सुरुवात गर्दैछ ।

त्रिपुरासुन्दरी गाउँपालिका
गाउँपालिकाको कार्यालय
सल्यानटार धादिङ

अनुसुची - २ क
(दफा ४ को उपदफा ५ सँग सम्बन्धित)

नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७९/०४/१७)

त्रिपुरासुन्दरी गाउँपालिकाको क्षेत्रभित्र रहेका नदिजन्य पदार्थको स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७२ क र त्रिपुरासुन्दरी गाँउपालिकाको आर्थिक ऐनको व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम स्विकृत IEE प्रतिवेदनले तोकेको क्षेत्रहरुवाट नदीजन्य पदार्थ उत्खनन् गरी त्रिपुरासुन्दरी गाउँपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म, सप्लायर्स वा ठेकेदार कम्पनीहरुले व्यावसाय दर्ता तथा नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, ठेकेदार कम्पनीको हकमा ठेकेदार ईज्जाजतपत्र दर्ता तथा नवीकरण भएको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संकलन गरी तपशिल बमोजिम शर्तहरुको आधारमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

सि.नं	सूचना नं.बोलपत्र नं.	बोलपत्रको नाम	उत्खनन् परिमाण (घन फिट)	न्युनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक)	धरौटी रकम	बोपलत्र दस्तुर (रु.)
१	राजश्व/०१/०७९/८०	त्रिपुरासुन्दरी गाँउपालिका अन्तर्गत दहत्तर बहत्तर राजश्व संकलन	११,११,१११/-	९९,९९,९९९।००/-	e-Bid मा जे जस्तो उल्लेख भएता पनि भ्याट सहितको कवोल रकमको न्यनतम ५% ले हुन आउने रकम	१,०००/-

शर्तहरु:

फर्म वा सप्लायर्सको हकमा नवीकरण भएको व्यवसाय दर्ता तथा नविकरण प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र ठेकेदार कम्पनीको हकमा ठेकेदार ईजाजतपत्र दर्ता तथा नवीकरण भएको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु, बोलपत्र फार्म दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा मेगा बैंक त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं ०९४००१००२८२७८ मा नगद जम्मा गरेको नगद भौचर र निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनसम्म तोकिएको समय भित्र कार्यालयबाट बोलपत्र फारम खरीद गर्न सकिनेछ। विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न चाहाने बोलपत्रदाताले सार्वजनिक खरीद अनुगमन कार्यालयको www.bolpatara.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालय राजश्व शाखा बाट यस कार्यालयको बैंक खातामा उल्लेखित खाता नं.मा जम्मा गरेको भौचरलाई बोलपत्र संग सम्बन्धित कागजातका साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गरिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गए सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

बोलपत्र सम्बन्धित फारम भर्दा कबोल रकम अक्षर र अंकमा प्रष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ , आफुले कबोल गरेको भ्याट सहितको कबोल अंकको न्युनतम ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको मेगा बैंक त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको धरौटी खाता नं ०९४००१००३७०७५ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी न्युनतम ९० दिनको म्याद सहित जारी गरिएको बिड बन्ड शिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ ।

खरीद गरेको बोलपत्र फार्महरुमा उल्लेख भएका सबै विवरणहरु भरी प्रत्येक पानामा सहिछाप गरी शिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोपाइटरको नाम, फोन नं., मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको साथ लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा हार्ड कपी वा विद्युतीय प्रति दर्ता गर्नुपर्नेछ ।

एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन, रित पूर्वक पर्न आएको बोलपत्र सम्बन्धी कागजातहरु पेश गरिने अन्तिम दिनको १३:०० बजे विभिन्न कार्यलयका प्रतिनिधि, निर्माण व्यवसायी तथा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खुल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन, उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

प्रि.बिड बैठकको सूचना प्रकशित मितिले १५ औं दिन दिनको १२:०० बजे यस गाउँपालिकाको कार्यालयमा हुनेछ, इच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ उक्त दिन बिदा परेमा उक्त बैठक सो को भोलिपल्ट सोही समयमा हुनेछ ।

बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तीका बाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

म्याद नाघी रित नपुगि वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलो सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र तथा अन्य आवश्यक कागजात समेत लिई सम्पुर्ण कबोल अंक मेगा बैंक त्रिपुरासुन्दरी शाखा कार्यालयमा रहेको यस कार्यालयको **विभाज्य कोष** खाता नं ०९४००१००३७०८६ मा नगद जम्मा गने वा कबोल अंकको प्रथम किस्ता बापत २५ प्रतिशतले हुने रकम नगद जम्मा गरेको भौचर अनिवार्य बुझाउनुपर्नेछ । दोश्रो किस्ता बापत बाँकी ७५ प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट कार्यालयको नाममा २०८० साल साउन मसान्तसम्म म्याद सहित गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बोन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ साथै बोलपत्र कबोल गरिने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ ।

तोकिएको म्याद भित्र ठेक्का उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, जारी भएका कानून तथा प्रदेश कानून तथा अन्य सञ्चालित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

-नोट विस्तृत जानकारीको लागि यस कार्यालयको website: www.tripurasundarimundhading.com.np समेत हेर्न सकिनेछ)

प्रमुख प्रशासकिय अधिकृत

मलेसियामा रोजगार | कम्पनी: UIS TECHNOLOGIES SDN.BHD. शहर:TAMAN

पूर्व स्वीकृत मिति:२०७९/०४/०८ चलानी नं.: ६०१८४२१२ LT. No.: 267897

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रू.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Manufacturings	21	0	स. काममा दक्ष	1500	४३,६४५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७९ साउन २४ गते (9 August 2022) मा हुनेछ ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पिङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगार दाताले दिने	रोजगार दाताले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	रु. ७००/- रोजगार दाताले	रु. १,५००/- रोजगार दाताले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट मराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो संग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gorkhas Associate (P.) Ltd.
P.O. Box: 21051, Maharajgunj, Kathmandu, Nepal
Tel: 4378895, 4377756, 4379078
Gov. Lic. No. 969/067/068